# दक्षिण एसियाली राष्ट्रहरूमा संसदीय अभ्यास



मुरारी महत [✍]

**सारांश**

विश्वमा धेरै किसिमका शासकीय शैलीहरू विद्यमान छन् । संसदीय सर्वोच्चता, अध्यक्षात्मक शासन प्रणाली, यी दुवैको विशेषता सहितको मिश्रित प्रणाली, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, सक्रिय राजतन्त्र, संवैधानिक राजतन्त्र, साम्यवादी शासन प्रणाली, धार्मिक शासन प्रणाली आदि जे भए तापनि जनताले जे रूचाउँछन्, त्यही प्रणाली उपयुक्त हो । जुनसुकै शासन प्रणाली भए तापनि मुलुकमा शान्ति, स्थिरता, सुव्यवस्था र कानूनी शासनको बहाली गरी जनतालाई सुशासन दिनु हरेक राज्यको दायित्व हो ।यस लेखमा दक्षिण एसियाली मुलुकहरूमा व्यवस्थापिकाका परिचय दिने प्रयास गरिएको छ । नेपाल समेत सदस्य रहेका सार्क क्षेत्रका राष्ट्रहरूको व्यवस्थापिकाको बारेमा तुलनात्मक अध्ययन गर्ने प्रयास गरिएको छ ।

## पृष्ठभूमि

यस क्षेत्रमा करिब डेढ अर्ब जनसंख्या अर्थात् विश्वको कूल जनसंख्याको करिब २१ प्रतिशत जनसंख्याको बसोवास रहेको छ । क्षेत्रफलको हिसाबले विश्वको करिब ३ प्रतिशत भूभाग ओगटेको छ । सानो भूभागमा धेरै जनसंख्याको बसोवास रहनुले तिनीहरूका लागि आधारभूत आवश्यकताको व्यवस्थापन गर्नु निश्चय पनि सजिलो छैन । यस क्षेत्रमा गरिबी, भोकमरी, कुपोषण, निरक्षर, बेरोजगारी, कम आय, व्यापार घाटा, जातीय तथा अन्य किसिमका द्वन्द्व जस्ता समस्याहरूले ग्रस्त छन् । विश्व वातावरणमा आएको परिवर्तनले हुने प्रभाव जस्तैः बाढी, पहिरो, समुन्द्री आँधी, भूकम्प, डढेलो, सुख्खा जस्ता कारणबाट सिर्जित समस्यासँग जुध्न संघर्षरत छन् । राज्यबाट ती आधारभूत आवश्यकता परिपूर्ति गर्न वातावरणीय प्रभावबाट सुरक्षित हुनको लागि ठूलो धनराशि खर्च गर्न परिरहेको छ । फलस्वरूप राज्यको शासकीय प्रभावकारितामा सुधार आउन सकेको छैन र ती राष्ट्रहरू मानव विकास

---

[✍] सहसचिव, संघीय संसद सचिवालय

सूचकाङ्कमा तल रहेका छन् । सुशासनको हिसाबले समेत एसियाली मुलुकरूमध्ये सबैभन्दा धेरै भ्रष्टाचार हुने मुलुकहरू पनि यही क्षेत्रमा छन् ।

**दक्षिण एसियाली राष्ट्रहरूको संगठन (सार्क) को अभ्युदय**

संयुक्त राष्ट्र संघको स्थापना सँगसँगै संघको बडापत्रको उद्देश्य विपरीत नहुने गरी क्षेत्रीय सहयोग संगठन खुल्ने क्रमसँगै दक्षिण एसियाली राष्ट्रहरूमा नेपाल, भारत, बंगलादेश, पाकिस्तान, अफगानिस्तान, श्रीलंका, भुटान र मालदिभ्स सम्मिलित क्षेत्रीय सहयोग संगठन सन् १९८५ मा स्थापना भएका हुन् । प्रारम्भमा यसमा ७ वटा देश भए तापनि पछिल्लो समयमा आएर अफगानिस्तान थपिएर हाल आठवटा राष्ट्र पुगेका छन् । यसभन्दा अघि विश्वमा दुई महाशक्ति राष्ट्र अमेरिकाको नेतृत्वमा नेटो (१९४९) र रसियाको नेतृत्वमा वार्सा (१९५५) राजनीतिक प्रकृतिका संगठन थिए । सामाजिक, आर्थिक तथा सांस्कृतिक सहयोग आदानप्रदान गरी क्षेत्रीय सहयोग विस्तार गर्न यूरोपियन यूनियन (१९५७), पूर्वी एसियाली राष्ट्रहरूको संगठन आसियान (१९६७), तेल निर्यात गर्ने देशहरूको संगठन ओपेक, अफ्रिकी एकता संगठन झैं सार्क कान्छो संगठनको रूपमा हेरिन्छ । संयुक्त राष्ट्र संघको स्थापना सँगसँगै संघको बडापत्रको उद्देश्य विपरीत नहुने गरी क्षेत्रीय सहयोग संगठन खुल्ने क्रमसँगै सार्क पनि स्थापना भएको हो । शासकीय शैलीका हिसाबले यस क्षेत्रमा शासन प्रणालीहरू अध्यक्षात्मक शासन, संसदीय सर्वोच्चता भएको बेलायती शैलीको शासन, राजतन्त्रात्मक शासन व्यवस्थाको विशेषताहरू पाउन सकिन्छ ।

**तालिकाः दक्षिण एसियाली राष्ट्रहरूको वर्तमान अवस्था**

| सि.नं. | देश | राजधानी | क्षेत्रफल (व.कि.मी) | शासकीय स्वरूप | सदनको किसिम | शासन प्रणाली |
|---|---|---|---|---|---|---|
| १ | अफगानिस्तान | कावुल | ६,४७,५०० | एकात्मक | द्विसदनात्मक | अध्यक्षात्मक लोकतन्त्र |
| २ | बंगलादेश | ढाका | १,४८,३९३ | एकात्मक | एकसदनात्मक | संसदीय लोकतन्त्र |
| ३ | भुटान | थिम्पु | ४६,५०० | एकात्मक | द्विसदनात्मक | संवैधानिक राजतन्त्र |
| ४ | भारत | नयाँ दिल्ली | ३१,६५,६०० | संघात्मक | द्विसदनात्मक | गणतान्त्रिक लोकतन्त्र |
| ५ | मालदिभ्स | माले | ३०० | एकात्मक | एकसदनात्मक | संवैधानिक लोकतन्त्र |
| ६ | नेपाल | काठमाडौं | १,४७,१८१ | संघात्मक | द्विसदनात्मक | गणतान्त्रिक लोकतन्त्र |
| ७ | पाकिस्तान | इस्लामावाद | ७,९६,१०० | संघात्मक | द्विसदनात्मक | गणतान्त्रिक लोकतन्त्र |
| ८ | श्रीलंका | कोलोम्बो | ६५,६१० | एकात्मक | एकसदनात्मक | अर्धअध्यक्षात्मक लोकतन्त्र |

यसबाट के प्रष्ट हुन्छ भने सार्कका अधिकांश देशमा एकात्मक शासकीय स्वरूप छ भने केही देशमा राजतन्त्रात्मक र केहीमा अध्यक्षात्मक शासन प्रणाली रहेको देखिन्छ ।

**अफगानिस्तान**

सार्क मुलुकमा अरू राष्ट्रभन्दा पछि प्रवेश गरेको देश अफगानिस्तानमा विभिन्न बहुमूल्य खनिज धातुहरूले भरिपूर्ण हुँदाहुँदै पनि जातीय द्वन्द्वका कारणले जनताहरू दिनप्रतिदिन मारिइरहेका छन् । शान्ति स्थापनाका लागि विश्वको अथक प्रयास हुँदा समेत केही ठूला देशको राजनीतिक स्वार्थका कारण अपेक्षित शान्ति वहाली हुन सकिरहेको छैन् । राज्य प्रमुखको रूपमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र २ जना उपराष्ट्रपति रहने संवैधानिक व्यवस्था भएको अफगानिस्तानमा राष्ट्रपति निर्वाचित हुनका लागि ५० प्रतिशतभन्दा बढी मत ल्याउनु पर्दछ । ५० प्रतिशत ल्याउन नसकेमा सबैभन्दा धेरै मत ल्याउने प्रथम दुईजनाबीच पुनः दुई हप्ताभित्र मतदान गर्ने व्यवस्था छ । अफगानी मुस्लिम नागरिक तथा बढीमा दुई कार्यकालसम्म मात्र राष्ट्रपति हुन सक्ने संवैधानिक प्रावधान भएको अफगानिस्तानमा यस अघि सन् १९७३ मा राजतन्त्रको अन्त्यसँगै त्यहाँ पनि विदेशी हस्तक्षेपका कारण आन्तरिक द्वन्द्वमा फसेको छ । संयुक्त राष्ट्रसंघको पहलमा चुनावी माध्यमबाट सरकार गठन भए तापनि पूर्ण शान्ति स्थापना हुन सकिरहेको छैन ।

अफगानिस्तानको संसदलाई National Assembly भनिन्छ । तल्लो सदनको रूपमा Wolesi Jirga (The house of People) प्रत्यक्ष निर्वाचित, जसमा २५० जना मध्ये ६४ जना (प्रत्येक प्रान्तबाट कम्तीमा दुईजना) महिला र घुमन्ते फिरन्ते जातिका लागि १० जना निर्वाचित हुनुपर्ने प्रावधान संविधानमा रहेको छ । यो सार्वभौमसत्ता सम्पन्न शक्तिशाली सभा हो । यस सभाको आधारभूत कार्य भनेको कानून निर्माण र राष्ट्रपतिबाट भए गरेका कार्यको अनुमोदन गर्नु रहेको देखिन्छ । यस सभामा समानुपातिक प्रतिनिधित्व रहेको हुन्छ । माथिल्लो सभाको रूपमा Meshrano Jirga (House of Elders) १०२ सदस्यीय सभामा जिल्ला परिषद्बाट ३४ जना तीन वर्षका लागि, प्रदेश परिषद्बाट ३४ जना ४ वर्षका लागि र राष्ट्रपतिबाट मनोनीत हुने ३४ जनामा स्थानीय सम्मानित व्यक्तित्व, विज्ञ, कमजोर तथा अपांग समुदायबाट हुनेछन् । मनोनीतको ५ वर्षे कार्यकाल रहने गरेको पाइन्छ । राष्ट्रपतिले नियुक्ति गरेको नामहरू National Assembly बाट अनुमोदन गर्नुपर्दछ । माथिल्लो सभाले कानून बनाउन सक्दैन केही सल्लाहकारी भूमिका र भिटो लगाउने अधिकार रहन्छ । राष्ट्रपतिले National Assembly बाट मन्त्री नियुक्त गरेमा रिक्त स्थान निर्वाचनबाट पूर्ति गरिनेछ । सभाको पदावधि सकिनु ३० देखि ६० दिनभित्र निर्वाचन गरिने जस्ता विशेषता पाइन्छ ।

**बंगलादेश**

क्षेत्रफलको हिसाबले नेपालभन्दा केही ठूलो रहेको छ भने जनसंख्या भने नेपालभन्दा पाँच गुणाभन्दा बढी रहेको छ । विश्वको धेरै जनसंख्या रहेको देशहरूको सूचीमा बंगलादेश अग्रपंक्तिमा रहेको छ । सन् १९४७ मा भारतबाट पाकिस्तान अलग हुँदा हालको बंगलादेश पूर्वी पाकिस्तानको रूपमा समावेश गरेकोमा सन् १९७१ मा बंगलादेशका अवामी लिगका नेता शेख मुजिवर रहमानको नेतृत्वमा भएको स्वतन्त्रताको मागको परिणाम स्वरूप १६ डिसेम्बर, १९७१ मा बंगलादेशले स्वतन्त्रता प्राप्त गऱ्यो ।

जनचाहना अनुसार संविधान सभाको गठन भई ४ नोभेम्वर १९७२ संविधान तर्जुमा भई १६ डिसेम्बर १९७२ देखि लागू भयो । सन् १९९० मा भएको जनआन्दोलनपछि संशोधित रूपमा लागू गरिएको संविधान अनुसार बंगलादेशले ६ अगष्ट १९९१ देखि अध्यक्षात्मक शासन प्रणाली परित्याग गरी संसदीय शासन प्रणाली शुरू गरेको हो । १५ सेप्टेम्बर १९९१ का दिन भएको जनमत संग्रहको परिणाम स्वरूप बंगलादेशमा एकसदनात्मक संसदीय व्यवस्थाको थालनी भएको हो । हाल बंगलादेशको संसदको रूपमा House of Nation रहेको र सभामा ३०० जना प्रत्यक्ष निर्वाचित र महिलाहरूको लागि ३० सीट आरक्षण गरी सुरक्षित गरिएको छ । विभिन्न राजनीतिक दलको प्रतिनिधित्व रहेको संसदीय स्थायी समितिहरूले निरन्तर रूपमा सरकारको क्रियाकलाप र गतिविधिको पहरेदारी गर्ने परिपाटी रहेको छ । बंगलादेशको प्रधानमन्त्री संसदप्रति उत्तरदायी रहन्छ र अन्य मन्त्रीहरू प्रधानमन्त्रीप्रति सामूहिक रूपमा उत्तरदायी रहन्छन् । निर्वाचनपछि गठन भएको सभामा राष्ट्रपतिले सम्बोधन गर्न सक्ने र त्यसपछिका सभाको बैठकमा सम्बोधन गर्न सन्देश पठाउन सकिने प्रावधान संविधानमा रहेको पाइन्छ । निर्वाचन भई गठन भएको सभाको बैठक बसेको सात दिनभित्र सभामुख र उपसभामुख निर्वाचन गरिने प्रावधान छ । एउटा मात्र सचिवालय रहेको र करिब एकहजार जति कर्मचारी कार्यरत रहेका छन् ।

**भुटान**

भुटानलाई चट्याङ्गको देश भनेर चिनिन्छ । भुटान भारतबाट सन १९४९ अगष्ट ८ मा स्वतन्त्र भएको हो । भुटानले स्वतन्त्रता प्राप्त गरेपछि सन् १९५२ देखि १९७२ सम्म ड्रयूक ग्याल्वो जिग्मे वाङ्गचुङ्गले शासन गरे । त्यसपछि जिग्मे सिङ्गे वाङ्गचुङ्ग र हाल उनका छोरा जिग्मे खेसार नामग्याल वाङ्गचुङ्गले शासन गरिरहेका छन् । सत्रौं शताब्दीको पूर्वाद्धमा तिब्बतमा गेलुग्पा सुधारवादी सम्प्रदाय निकै प्रचलित थियो । त्यसै समय गुम्बा षडयन्त्रका कारण एकजाना काग्यु भिक्षु तिब्बत छाडेर हिमालवारी आए । ती चमत्कारी तथा दृढ निश्चयी भिक्षु डावाङ नामग्याल नेपालका पृथ्वीनारायण शाहले झैं पछि भुटानको एकीकरणकर्ता बन्न पुगे । डुक युल अर्थात् थण्डर ड्रागन भनेर चिनिने त्यस मुलुकमा भुटिया जातिहरूको बाहुल्यता रहेको छ र जोङ्खा भाषा (Dzongkha) बोलिन्छ, यो तिब्बती लिपीमा लेखिन्छ । भुटान दक्षिणी भागतिर नेपाली भाषीहरूको बसोवास रहेकामा त्यहाँको सरकारले उनीहरूलाई सन् १९९० को दशकतिर जबर्जस्ती लखेटिएर पूर्वि नेपालमा शरणार्थीको जीवन बिताउन विवश भए । त्यहाँका सरकारले नागरिक स्वीकार नगरेको कारण उनीहरू तेस्रो मुलुक पुनर्स्थापित भए केही अझै स्वदेश फर्कने आशमा नेपालको झापा र मोरङको शरणार्थी शिविरमा रहेका छन् । विश्वव्यापी रूपमा आएको परिवर्तन, नागरिक चेतनामा अभिवृद्धि र लोकतन्त्रका लहरको बावजुद अझैसम्म पनि केही देशहरूमा सक्रिय राजतन्त्र विद्यमान छ भने कैयौं निरंकुश राजतन्त्र भएका देशहरूमा समेत संवैधानिक राजतन्त्र वा सम्मानित राजतन्त्रको रूपमा परिवर्तन भएका छन् भने छिमेकी मित्रराष्ट्र भुटान पछिल्लोपटक संविधानमा भएको संशोधनले निरंकुश राजतन्त्रबाट संवैधानिक राजतन्त्रमा परिवर्तन भएको छ ।

द्विसदनात्मक संसद भएको भुटानमा संसद भन्नाले Druk Gyalpo (भुटानी राजा), National Council र National Assembly रहेका छन् । National Council मा २० Dzongkhag (जिल्ला) बाट प्रत्यक्ष निर्वाचित र ५ जना Druk Gyalpo बाट मनोनीत गरी २५ सदस्य रहन्छन् । त्यस्तैगरी National Assembly मा २० जिल्लाबाट जनसंख्याको आधारमा २ देखि ७ जनासम्म निर्वाचित गरी ७५ सदस्य रहन्छन् । संसदको बहुमत प्राप्त नेतालाई राजाबाट प्रधानमन्त्रीमा नियुक्ति गरिन्छ । बढीमा दुई कार्यकालसम्म मात्र प्रधानमन्त्री नियुक्त हुन सक्ने संवैधानिक प्रावधान रहेको छ । सन् १९६८ मा राजाले भिटो प्रयोग गर्न पाउने आफ्नो अधिकार शोग्डु (राष्ट्रिय परिषद्) लाई हस्तान्तरण गरेपछि यो सदन झन् शक्तिशाली भयो । त्यसको एक वर्षपछि उनले सदनको दुई तिहाइ बहुमतबाट अविश्वासको प्रस्ताव पारित भएको खण्डमा राजामाथि समेत महाभियोग लगाउन सकिने प्रावधान पनि राख्न लगाए ।

**भारत**

भौगोलिक क्षेत्रका आधारमा विश्वको सातौं ठूलो राष्ट्र भारत दक्षिण एसियाली राष्ट्रको सबैभन्दा ठूलो तथा चीन पछिको सबैभन्दा धेरै जनसंख्या भएको मुलुक हो । विश्वको बृहत् संविधानमा भारतको संविधान पर्दछ । अगष्ट १५, १९४७ मा स्वतन्त्र भएको भारतको संविधान सभाले २ वर्ष ११ महिना १७ दिनमा संविधान निर्माण गरी सन् १९४९ नोभेम्बर २६ मा पारित गऱ्यो । सन् १९५० जनवरी २४ मा हस्ताक्षर भई २६ जनवरीदेखि लागू भयो । स्वतन्त्रता प्राप्तिपश्चात् निर्मित संविधान जारी गरेपछि हालसम्म वेष्ट मिनिष्टर मोडलको संसदीय व्यवस्था लागू भएको छ । भारतको संविधानले संसद भन्नाले राष्ट्रपति, लोकसभा र राज्यसभाको संयुक्त रूपलाई जनाउँछ । भारतको लोकसभामा सभामुख र राष्ट्रिय सभाको अध्यक्षता उपराष्ट्रपतिले गर्ने संवैधानिक प्रावधानले गर्दा माथिल्लो सभाको गरिमा अझ बढी छ । समय अगावै विघटन भएमा बाहेक लोकसभा सदस्यको कार्यकाल ५ वर्षको हुन्छ । भारतको संविधानले जनताको चाहना अनुसार प्रदेश बन्ने वा एक अर्कामा गाभिने अधिकार दिएको हुनाले संविधान जारी हुँदा १४ वटा प्रदेशबाट सुरू संघीय गणतन्त्रात्मक भारतमा यतिखेर २९ राज्य र ७ केन्द्र शासित राज्य छन् । वेष्ट मिनिष्टर मोडलमा आधारित भारतीय संसदमा दुई सदनात्मक व्यवस्था गरिएको छ । संसदको तल्लो सदन लोकसभामा ५४५ सदस्य र माथिल्लो सदन राज्यसभामा २५० सदस्य छन् । दुवै सभाका अलग अलग सचिवालय छन् र सचिवालयको नेतृत्व महासचिवले गर्दछन् । लोकसभामा करिब २८०० र राज्यसभामा १८०० जति कर्मचारी कार्यरत छन् । भारतको संसदमा काम गर्न पाउनु त्यहाँ गौरवको विषय मानिन्छ । संसदीय समितिहरू धेरै बलिया र प्रभावकारी छन् । संघीय सरकारले २ किसिमको बजेट प्रस्तुत गर्दछ । संघीय बजेट र रेल सम्बन्धी छुट्टै बजेट सभाबाट पारित गरिन्छ । संविधान अनुसार केन्द्रको अधिकार सूचीमा ९६ वटा, राज्यको अधिकार सूचीमा ६६ वटा र साझा सूचीमा ४७ वटा शीर्षक समावेश गरिएको छ । संविधान बमोजिम राज्य सरकारले स्थानीय सरकार सम्बन्धी कानून निर्माण,

संशोधन वा खारेज गर्नसक्ने व्यवस्था रहेको पाइन्छ । भारतको संविधानले केन्द्रलाई कार्यपालिका र व्यवस्थापिका सम्बन्धी पर्याप्त अधिकारको व्यवस्था गरेको छ । प्रान्तमा असमान अधिकारको वितरण गरेको पनि पाइन्छ । जस्तैः केही प्रान्तमा विधान सभा र विधान परिषद् गरी दुईवटा सभा छन् भने बहुमत प्रान्तमा एउटा मात्र सभाको रूपमा विधान सभा रहेको छ । भारतमा विधायिकी अधिकार बाँडफाँड गर्दा स्थानीय सरकारलाई राज्यको अधिकार क्षेत्रभित्र सीमितता गर्न खोजेको पाइन्छ ।

**मालदिभ्स**

दक्षिण एसियाली राष्ट्रहरूमध्ये सबैभन्दा सानो राष्ट्र मालदिभ्सको क्षेत्रफल ३०० व.कि.मी मात्र रहेको छ । यस देशमा करिब दुईहजार जति टापु रहेका अनुमान गर्न सकिन्छ । यसको पुरानो नाम Maldives Island हो । हिन्द महासागरीय क्षेत्रमा अवस्थित राष्ट्र मालदिभ्सको नजिकको छिमेकी राष्ट्र भनेको श्रीलंका र भारत नै हो । यहाँको मुख्य आम्दानीको स्रोत भनेको पर्यटन नै हो । माछा उत्पादन र नरिवल खेती अर्को महत्वपूर्ण आम्दानीको क्षेत्र मानिन्छ । यो देश सन् १८८७ देखि १९६५ सम्म बेलायतको अधीनमा थियो भने त्यसअघि पोर्चुगलको अधीनमा थियो । सन् १९६८ जुलाई २६ मा स्वतन्त्रता प्राप्त गरेपछि माले मालदिभ्सको राजधानी बन्न पुग्यो । यहाँको राष्ट्रिय भाषा दिवेही हो । स्वाधीनता अघि एकात्मक शासन व्यवस्था रहेको मालदिभ्समा प्रशासनिक दृष्टिकोणले १९ जिल्लामा विभाजित छ, जिल्लालाई Atoll भनिन्छ । सुन्नी मुस्लिम, कम्तीमा ३५ वर्ष पूरा भएको पुरूष मात्र प्रत्यक्ष गोप्य मतदानबाट निर्वाचित गरिन्छ । राष्ट्रपति राज्यप्रमुख हुने, निजको कार्यकाल ५ वर्षको हुन्छ । संसदको रूपमा एकसदनात्मक व्यवस्था रहेको छ । ५० सदस्यीय एक सदनात्मक संसद, जसलाई मजलिसको नामले चिनिन्छ, जसमध्ये ८ जना राष्ट्रपतिबाट नियुक्त हुन्छन्, २ जना माले शहरबाट र २ जना Atoll क्षेत्रबाट नियुक्त हुन्छन् ।

**नेपाल**

नेपालको संवैधानिक इतिहास धेरै लामो छैन । सर्वप्रथम २००४ साल श्री ३ पद्म शमशेरबाट जारी भएको वैधानिक कानून जुन लागू नहुँदै निस्क्रिय भयो भने २००७ सालमा प्रजातन्त्रको उदयपश्चात् नेपालको अन्तरिम शासन विधानले श्री ३ मा रहेको कार्यकारिणी अधिकार राजा र जननिर्वाचित मन्त्रिपरिषद्मा रहने र संविधान जननिर्वाचित संविधान सभाबाट बनाउने भनिए तापनि २०१५ मा बहुदलीय संसदीय प्रणालीमा आधारित संसदको निर्वाचन गरियो तर सरकारभित्रको गुटबन्दी तथा आन्तरिक कलहको कारण सोही संविधानले दिएको अधिकार प्रयोग गरी तत्कालीन राजाबाट संसदीय व्यवस्थाको अन्त्य तथा दलहरूमाथि प्रतिबन्ध लाग्यो । फलस्वरूप निर्दलीय पञ्चायती व्यवस्था सहितको नेपालको संविधान, २०१९ जारी भयो । त्यस संविधानको व्यवस्था बमोजिम राष्ट्रिय पञ्चायत गठन भएको थियो । २०४७ सालको बहुदलीय संविधानमा संवैधानिक राजतन्त्र सहित द्विसदनात्मक संसदीय व्यवस्थाको पुनर्वहाली भयो । यस संविधानपश्चात् २०४८, २०५१ र २०५६ सालमा संसदीय निर्वाचनहरू सम्पन्न भई द्विसदनात्मक संसद गठन भएको थियो । करिब एक दशकको द्वन्द्वपश्चात् २०६३ सालमा अन्तरिम संविधान जारी भएसँगै अन्तरिम व्यवस्थापिका, पहिलो संविधान सभा र दोस्रो संविधान सभा गठन भए । यस संविधानले उपर्युक्त संविधान सभाहरूले व्यवस्थापिका-संसद समेतको भूमिका निर्वाह गर्ने अधिकार प्रदान गरेको थियो । समावेशी चरित्रको लोकतन्त्र र निष्क्रिय राजतन्त्र सहितको नेपालको अन्तरिम संविधानमा संविधान सभाको निर्वाचन गर्ने व्यवस्था गरिएको थियो । यसले संघीयता सहितको यात्रा पार गर्दै २०७२ मा जारी संविधानले जनतामा निहित सार्वभौमसत्ता, समावेशी, गणतन्त्र र संघीयता सहितको अधिकार प्रदान गरेको छ । यस संविधानले केन्द्रमा दुईवटा सभा प्रतिनिधि सभा, जसमा २७५ मध्ये मिश्रित निर्वाचन

प्रणाली अन्तर्गत प्रत्यक्ष निर्वाचित १६५ र समानुपातिक प्रणालीमा निर्वाचित ११० सदस्य रहने व्यवस्था छ भने माथिल्लो सभा राष्ट्रिय सभामा ५९ सदस्य हुने तिनीहरू प्रदेश, गाउँ र नगरबाट तीनजना महिला, एकजना दलित र एकजना अपाङ्गता भएका वा अल्पसंख्यक सहित ८ जनाको दरले निर्वाचित हुने ५६ जना र नेपाल सरकारको सिफारिशमा राष्ट्रपतिबाट मनोनीत एकजना महिलासहित तीनजनाको व्यवस्था गरेको छ । सातवटा संघीय संरचना, त्यसभित्र कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको व्यवस्था त्यसैगरी स्थानीय तह तिनीहरूको अधिकार सूची केन्द्रमा ३५ वटा, प्रदेशमा २१, केन्द्र र प्रदेशको साझा सूचीमा २५, स्थानीय तहको सूचीमा २२ र तीनै तहको साझा सूचीमा १५ वटा अधिकार पनि संविधानले नै तोकिदिएको छ । दुई सभा सहित एउटा सचिवालयमा करिब ४०० कर्मचारी कार्यरत छन् । अन्य देशका तुलनामा न्यून कर्मचारी कार्यरत छन् तर विज्ञ विशेषज्ञ कर्मचारीको अभाव रहेकोले संसदीय कममा गुणस्तरीयता ल्याउनको लागि अनुसन्धानलाई प्रभावकारिता ल्याउन जरूरी छ ।

**पाकिस्तान**

भारतीय उपमहाद्विपमा अग्रेजहरूको सम्राज्य रहुन्जेल सन् १९४७ सम्म भारत, पाकिस्तान र बंगलादेश एउटै देशको रूपमा थिए । भारतमा संविधान बनाउने क्रममा पाकिस्तान क्षेत्रका मुस्लिम लिग पार्टीका ९० जना सदस्यहरूले विरोध र अन्तरसंघर्षका कारण श्री मोहम्मद जिन्नाले माउण्टबेटन प्लान अन्तर्गत स्वतन्त्र राज्यको रूपमा अलग मुस्लिम राज्य पाकिस्तान खडा गरेपश्चात् संविधान सभाको गठन हुन पुग्यो । त्यसपछि पाकिस्तानमा स्थिर सरकार रहन सकेन । शासकको हत्याको शृंखला र सैनिकको हावी बढ्दै गई संविधान पनि बन्न सकेन । सात वर्षको राजनीतिक खिचातानीबीच सन् १९५४ अक्टोवर २४ मा संविधान सभाबाट संविधान जारी गरियो र पछि उनै जिन्ना पाकिस्तानको पहिलो गभर्नर जनरल पनि भए । भारतमा कंग्रेस पार्टीको अगुवाइमा जुन भूमिका निर्वाह गरी संविधान निर्माण भयो, पाकिस्तानमा मुस्लिम लिगले कुनै प्रभावकारिता देखाउन सकेन । इस्लामिक गणतन्त्र पाकिस्तानले द्विसदनात्मक संघीय व्यवस्थालाई अवलम्बन गरेको छ । पाकिस्तानको राष्ट्रपति एकताको प्रतीक हुन् । संसदबाट निर्वाचित मुस्लिम मात्र राष्ट्रपति निर्वाचित हुने, संसदको बहुमत प्राप्त नेतालाई राष्ट्रपतिबाट प्रधानमन्त्रीमा नियुक्त हुने पाकिस्तान दक्षिण एशियाको पुरानो संघात्मक राज्य हो । त्यहाँ राष्ट्रपति, सिनेट (माथिल्लो सदन) र राष्ट्रिय सभा (तल्लो सदन) गरी तीन संवैधानिक निकायलाई संसद भन्ने गरिन्छ । राष्ट्रपतिको निर्वाचन पाँच वर्षको अवधिका लागि संसदको संयुक्त सभाबाट गरिन्छ । त्यसैगरी National Assembly बाट बहुमत सिद्ध हुने नेतालाई राष्ट्रपतिबाट प्रधानमन्त्रीमा नियुक्त गरिन्छ । National Assembly मा २०० जना प्रत्यक्ष निर्वाचित सदस्यहरू र १० सीट महिलाहरूका लागि आरक्षण गरिएको छ । यसको कार्यकाल ५ वर्षको हुन्छ । प्रधानमन्त्रीको सल्लाहमा राष्ट्रपतिबाट समय अगावै पनि National Assembly विघटन हुन सक्दछ ।

सिनेटमा जम्मा ६३ सदस्यहरूमध्ये १४/१४ जना प्रान्तीय (पन्जाब, सिन्ध, उत्तर पश्चिम फ्रन्टियर र बलुचिस्तान) बाट निर्वाचित हुन्छन्, ५ जना केन्द्र शासित आदिवासी जातिको क्षेत्रबाट

National Assembly ले छानेका र बाँकी प्रतिनिधि सिनेटबाट प्रान्तका लागि निर्धारित संख्याका आधारमा एकल संक्रमणीय मतका आधारमा प्रान्तबाट निर्वाचित प्रतिनिधि रहन्छन् । सिनेट सदस्यको कार्यकाल ४ वर्षको हुन्छ । प्रत्येक दुई वर्षमा आधाको कार्यकाल समाप्त हुन्छ ।

पाकिस्तानमा चारवटा प्रान्तीय राज्यहरू छन् । बलुचिस्तान प्रान्तमा ४०, नर्थ इष्ट फन्टियरमा ८०, पन्जाबमा २४० र सिन्धमा १०० को संख्यामा जनप्रतिनिधिहरू रहेका हुन्छन् । त्यसैगरी अल्पसंख्यक जातिका लागि बलुचिस्तानमा १ सीट क्रिश्चियनका लागि, नर्थ इष्ट फ्रन्टियरमा २ सीट हिन्दूका लागि, पन्जाबमा ३ सीट शिखका लागि र सिन्धमा २ सीट बुद्धिष्ट र पर्सियनका लागि आरक्षण गरिएको छ । त्यसैगरी महिलाहरूका लागि पनि केही सीट आरक्षित गरिएको छ । प्रान्तको कार्यपालिकीय प्रमुखको रूपमा राष्ट्रपतिबाट नियुक्त गभर्नर रहन्छन्, जसको नियुक्ति राष्ट्रपतिबाट
हुन्छ । पाकिस्तानको संसद सचिवालयमा करिब १७०० कर्मचारी कार्यरत छन् ।

**श्रीलंका**

"पूर्वको मोती" भनेर चिनिने नासपाती आकारको हालको श्रीलंका नामाकरण हुन अघिसम्म सिलोन भनिन्थ्यो । दुईसय वर्षको बेलायती शासनपछि श्रीलंकाले सन् १९४८ फेब्रुअरी ४ मा स्वतन्त्रता प्राप्त गयो । सन् १९७२ भन्दा अगाडिसम्म राष्ट्राध्यक्षको रूपमा बेलायती महारानीले संसदको सिफारिसमा गभर्नर जनरलको नियुक्ति गरी निज मार्फत शासन सञ्चालन हुँदै आएकोमा सन् १९७२ मे १ देखि गभर्नर जनरलको सट्टामा राष्ट्रपति निर्वाचन गरी शासन सञ्चालन हुँदै आएको छ । बौद्ध धर्मको बाहुल्यता रहेको श्रीलंकामा करिब ७४ प्रतिशत सिन्हाली, १८ प्रतिशत तामिलहरूको बसोवास रहेको श्रीलंकामा २५ प्रशासनिक जिल्लाहरू, सरकारी भाषाका रूपमा सिन्हाली र तामिल भाषाको प्रयोग गरिन्छ । प्रत्यक्ष जननिर्वाचित राष्ट्रपति कार्यकारी प्रमुख तथा संसदमा बहुमत सिद्ध गर्न सक्ने सदस्यलाई राष्ट्रपतिबाट प्रधानमन्त्रीमा नियुक्त गर्न सक्ने एक सदनात्मक व्यवस्था रहेको छ । श्रीलंकाली संसदको रूपमा National State Assembly २२५ सदस्यहरूमध्ये २९ सदस्यहरू राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा ख्याती कमाएका नागरिकहरूमध्येबाट राष्ट्रपतिबाट मनोनीत हुन्छन् भने १९६ सदस्यहरू समानुपातिक निर्वाचन पद्धति अनुसार जनताद्वारा प्रत्यक्ष निर्वाचित हुन्छन् । राष्ट्रपतिबाट बीचैमा भंग नभएमा संसदको कार्यकाल ६ वर्षको हुन्छ । औपनिवेशिक शासनबाट मुक्ति पाएपनि सन् १९४८ को सलवरी संविधान (Soulbury constitution of 1948) ले द्विसदनात्मक व्यवस्थापिका (प्रतिनिधि सभा र सिनेट) का साथै राष्ट्राध्यक्षको रूपमा गभर्नर जनरलको नियुक्ति बेलायती महारानीले संसदको सिफारिसमा गर्ने गरेको थियो । संवैधानिक विकास क्रममा सन् १९७२ मई ९ मा श्रीलंका गणतन्त्र राज्यको रूपमा घोषित हुनुका साथै गणतन्त्रात्मक संविधान अनुसार मन्त्रिपरिषदीय सरकार, एक सदनात्मक संसद National State Assembly को प्रारम्भ भयो । व्यवस्थापिका (National State Assembly) द्वारा नियुक्त राष्ट्रपति देशको सर्वोच्च संस्थाको रूपमा खडा भएको छ । त्यसैगरी सन् १९७८ मा संशोधित तथा परिमार्जित संविधान अनुसार संसदीय संरचना अन्तर्गत राष्ट्रपतीय शासन पद्धति (Presidential System of Government) लागू भएको छ । विश्वको प्रथम महिला प्रधानमन्त्री

बन्ने सौभाग्य श्रीमाओ वण्डरानायके जसले ४ पटकसम्म श्रीलंकाको नेतृत्व गर्न सफल भइन् । हालसालै श्रीलंकामा भएको राष्ट्रपति निर्वाचनमा पूर्व रक्षामन्त्री गोटाभाय राजापाक्षे निर्वाचित हुनु भई आफ्ना दाजु महिन्द्र राजापाक्षलाई अन्तरिम चुनावी प्रधानमन्त्रीका रूपमा नियुक्त गर्नु भएको छ । अर्को वर्षको अप्रिल महिनामा प्रधानमन्त्रीको निर्वाचन हुनेछ ।

## निष्कर्ष

सबै लोकतान्त्रिक शासन व्यवस्थामा कार्यपालिका र विधायिका बीचको सम्बन्ध अति महत्वपूर्ण रहेको हुन्छ । कानून निर्माण गर्नको लागि कार्यपालिकालाई विधायिकाको सहयोग आवश्यक पर्दछ । शक्ति पृथकीकरण पद्धतीमा कार्यपालिका विधायिकाबाट पृथक रहेको हुन्छ । संसदीय प्रणालीमा कार्यपालिका र विधायिका दुवैका कामहरू अन्तरसम्बन्धित हुने हुँदा प्रधानमन्त्री र मन्त्रिमण्डलका सदस्यहरूलाई संसदबाट प्राप्त हुने समर्थनप्रति विश्वस्त हुन सहज हुन्छ । तर पनि कहिलेकाहीं मिलिजुली सरकामा सत्ताधारी दल वा गठबन्धनसँग प्रतिपक्षी दलहरू भन्दा केहीमात्रै बढी सदस्य हुने हुँदा प्रधानमन्त्रीले विश्वास गुमाउने भय रहन्छ । त्यस्तो अवस्थामा संसदमा प्रस्ताव गरिएका विधेयकहरू अस्वीकार हुन वा परिवर्तन हुन पनि सक्दछ । त्यसै आधारमा विश्वमा धेरै किसिमका शासकीय शैलीहरू विद्यमान छन् । संसदीय सर्वोच्चता, अध्यक्षात्मक शासन प्रणाली, यी दुवैको विशेषता सहितको मिश्रित प्रणाली, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, सक्रिय राजतन्त्र, संवैधानिक राजतन्त्र, साम्यवादी शासन प्रणाली, धार्मिक शासन प्रणाली आदि जे भए तापनि जनताले जे रूचाउँछन् त्यही प्रणाली उपयुक्त हो । जुनसुकै शासन प्रणाली भए तापनि मुलुकमा शान्ति, स्थिरता, सुव्यवस्था र कानूनी शासनको वहाली गरी जनतालाई सुशासन दिनु हरेक राज्यको दायित्व हो । सबै प्रणालीमा गुण, अवगुण दुवै हुन्छन् । यो साध्य होइन, केवल साधन मात्र हो ।

## सन्दर्भ सामग्री


१. नेपालको संविधान (२०७२) ।
२. आचार्य, भीमार्जुन, सविधान सभा प्रक्रिया र अनुभवहरू २०६३, निरन्तर प्रकाशन, बागबजार ।
३. दाहाल, काशीराज, संविधान र संबैधानिक विकास विश्वको तुलनात्मक अध्ययन, २०६३ निरन्तर प्रकाशन, बागबजार ।
४. डा. के.सी., सुरेन्द्र, नेपालको राज्य पुनर्संरचना र संघीयता, पैरवी प्रकाशन, २०६३ ।
५. व्यवस्थापिका-संसद सेवा दर्पण २०७२, व्यवस्थापिका-संसद सचिवालय, सिंहदरबार ।
६. व्यवस्थापिका-संसद सेवा दर्पण २०७३, व्यवस्थापिका-संसद सचिवालय, सिंहदरबार ।
७. राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको अवधारणा र प्रारम्भिक मस्यौदा प्रतिवेदन, २०६६, संविधान सभा सचिवालय ।
८. Gokulesh Sharma, Constitution of SAARC Nations.